# आवश्यकता

**प्रथम पटक प्रकाशन मितिः** २०७९।०१।२५

मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र - नेपाल (सी.एम.सी.- नेपाल), मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगको क्षेत्रमा काम गर्ने राष्ट्रियस्तरको एक गैरसरकारी संस्था हो । फेल्मको आर्थिक सहयोगमा कैलाली र सल्यान जिल्लाका ७ वटा गाउँ तथा नगरपालिकामा बैदेशिक रोजगारमा गएका ब्यक्ति र तिनका परिवारका सदस्यहरुको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य प्रवर्धन गर्ने उद्‍देश्यका साथ सञ्चालन भएको प्रवासी कामदार र उनका परिवारको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सुस्वास्थ्य प्रवर्धन परियोजना को लागि तल उल्लेख गरे अनुसारको पदको पदपुर्तिका लागि योग्यता पुगेका निवेदकहरुबाट निवेदन आह्वान गर्दछौं ।

**१. पदः मनोसामाजिक कार्यकर्ता (६ जनाः** कैलाली जिल्ला अन्तगत घोडाघोडी न.पा, टीकापुर न.पा र जानकी गा.पा. को लागि १।१ जना गरी ३ जना र सल्यान जिल्ला अन्तगत बनगाड कुभिण्डे न.पा, बागचौर न.पा र छत्रेश्वरी गा.पा. को लागि १।१ जना गरी ३ जना)

***कामको मूख्य जिम्मेवारीः***

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक सवालमा समुदायस्तरमा सचेतना बढाउने ।
- मानसिक स्वास्थ्य समस्या भएका प्रवासी कामदार र परिवारका सदस्यहरुको पहिचान गर्ने, उपचारको लागि स्वास्थ्य निकायमा सम्प्रेषण गर्ने र घरभेटघाटको माध्यमबाट ब्यक्तिगत वा समूहमा मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने ।
- मानसिक स्वास्थ्य समस्या भएका प्रवासी कामदार, उनीहरुका परिवारका सदस्यहरुलाई समेटेर मानसिक स्वास्थ्य स्वावलम्वन समूह वा जोडी समूह गठन गर्ने, उनीहरुको संस्थागत र अन्य ब्यवसायिक क्षमता अभिबृद्‍धि गर्दै त्यस्ता समूहलाई समुदायस्तरमा परिचालन गर्ने ।
- अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थासँग सहकार्य गरी मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिहरुको हक, अधिकार संरक्षण, समावेशी र सेवामा पहँुच बृद्‍धिका लागि सहयोग गर्ने ।
- प्रवासी कामदारका र उनका परिवारका सदस्यहरुको आयआर्जन बढाउनको लागि सरकारी लगायत अन्य रोजगारप्रदायक संघसस्थाहरु सँग समन्वय गर्ने, सीप विकास तालिम तथा वित्तिय साक्षरताको कक्षा लिने लागि संयोजन गर्ने लगायतका काममा सहयोग गर्ने ।

- स्थानीय तहमा सञ्चालित कार्यक्रमलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्न स्थानीय सरकार लगायत अन्य सरोकारवाला संघसस्थाहरु सँग समन्वय गर्ने आदि ।
- प्रतिवेदन तयार गर्ने, तथ्यांकहरु संकलन गर्ने, रेकर्ड राख्ने र कार्यक्रम अधिकृतलाई पठाउने ।

***योग्यता:***

- स्नातक तह उत्तीर्ण गरी मानसिक स्वास्थ्य कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा समुदायस्तरमा २ वर्ष भन्दा बढि समय काम गरी अनुभव प्राप्त गरेको ।
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट स्विकृत मनोसामाजिक परामर्शको ६ महिनाको तालिम लिएको वा लिईरहेको उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
- अधिकारमुखी सामाजिक परिचालन पद्घतिमा रही मानसिक स्वास्थ्य स्वावलम्वन समूह वा अन्य समुदायस्तरका संस्थाहरुसँग काम गरेको अनुभव भएको ।
- प्रतिवेदन लेखन, तथ्यांक, जानकारी संकलन र अभिलेखीकरण सम्वन्धि सीप भएको ।
- संचार, संयोजन र पैरवी सम्वन्धि आवश्यक सीपका साथै कम्प्युटर, इन्टरनेट सम्वन्धि ज्ञान, सीप भएको ।
- बालबालिका लगायत जोखिममा परेका अन्य ब्यक्तिहरुको सुरक्षाका लागि आफैले वा अन्य व्यक्ति वा संघसस्थाहरुसँग समन्वय गरेर काम गर्न सक्ने ।

**सुविधाहरु:** सी.एम.सी. नेपाल र सम्वन्धित दातृ निकायसँग भएको सम्झौता अनुसार करारनामा हाललाई डिसेम्वर २०२२ सम्मको लागि हुनेछ र कामको आवश्यकता अनुसार थप गर्न सकिनेछ ।

माथि उल्लेख गरेअनुसार योग्यता पुगेका इच्छुक व्यक्तिले आफ्नो व्यक्तिगत विवरण सहित दरखास्त तल दिइएको ठेगानामा २०७९ जेष्ठ ६ गते भित्र पठाइदिन हुन आह्वान गर्दछौं ।

***स्थानीय बासिन्दा, विवाहित महिला तथा अपाङ्गता भएका ब्यक्तिहरुलाई विशेष प्राथमिकता दिईनेछ ।***

पदपुर्ति प्रक्रिया सम्वन्धि सम्पूर्ण अधिकार सी.एम.सी. नेपालमा निहित रहनेछ ।

**कार्यकारी निर्देशक, सी.एम.सी.- नेपाल**

ईमेलः vacancy.cmcnepal@gmail.com, वेभपेजः www.cmcnepal.org.np